जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक ३९ • २०८० मंसिर १६ गते शनिवार • 2 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## प्रदेशको आठ वटै जिल्ला सदरमुकाममा सीसीटीभी क्यामरा जडान

जलेश्वरटुडे समाचारदाता
धनुषा, १५ मंसिर



मुख्यमन्त्री सरोजकुमार यादवले शान्तिसुरक्षाको मध्यनजर गर्दै प्रदेशको आठ वटै जिल्ला सदरमुकाममा सीसीटीभी क्यामरा जडान गर्ने बताउनभएको छ।

राजधानी जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालयको शुक्रबार शिलान्यास गर्नुहुँदै प्रदेश सरकारले सुरक्षाव्यवस्थालाई थप सुदृढ बनाउन आठ वटै जिल्लाको सदरमुकाममा यसै वर्ष सीसीटीभी क्यामरा जडान गर्न लागेको जानकारी दिनुभयो । बारामा दिनदहाडै एक नीजि विद्यालयका प्रिन्सिपलको हत्या भएको स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो- पुरानो सीसीटीभी क्यामराको फुटेजको आधारमा अपराधि पक्राउ परेको थियो । प्रदेशमा रहेको सुरक्षा चुनौतीको मध्यनजर गरेर सरकारले कुनै प्रकारको ढिलासुस्ती नगरी सुरक्षाव्यवस्था चुस्तदुरुस्त राख्न सुरक्षानिकायलाई हरसम्भव सहयोग गर्न तयार रहेको उहाँले थप्नुभयो । मधेश प्रदेशमा कार्यरत्त प्रहरीका लागि प्रदेश सरकारले

*बांकी पृष्ठ २ मा ।*

## एड्स संक्रमितमाथिको विभेद अन्त्य गर्नुपर्नेः मन्त्री सिंह

जलेश्वरटुडे समाचारदाता
धनुषा, १५ मंसिर



मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बिरेन्द्रप्रसाद सिंहले एड्स संक्रमितलाई समाजमा विभिन्नखालका विभेद सहनुपरेको भन्दै त्यस्ता विभेद अन्त्य गर्नुपर्ने बताउनुभएको छ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले ३६ औं विश्व एडस दिवसको अवसरमा शुक्रबार धनुषाको सपहीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो। उहाँले एड्स अन्य रोगजस्तै रोग भएको भन्दै समयमा उपचार भएमा मान्छे लामो समयसम्म बाँच्न सक्ने र अरुलाई पनि सङ्क्रमित नगर्ने बताउनुभयो । यसबारे जनचेतना जगाउनु पर्ने उहाँको सुझाव छ । एड्सको विषयमा जानकारी नभएर पनि समाजमा यसलाई नकारात्मक रुपमा लिनेगरेको र एड्स सङ्क्रमितलाई अहिले पनि समाजमा

*बांकी पृष्ठ २ मा ।*

## सोनमामा विद्यालय बन्द गरि सम्पूर्ण शिक्षक सोनपुर मेला गएपछि अभिवावक द्वारा तालाबन्दी

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १५ मंसिर

महोत्तरीको सोनामा गाउँपालिका वडा न. ८ स्थित रहेको श्री नेपाल राष्ट्रिय राघबेन्द्र माध्यमिक विद्यालयमा ५ जना शिक्षकहरुले विद्यालय बन्द गरि भारतको सोनपुर मेला घुम्न गएपछि अभिवावकहरुले विद्यालय तालाबन्दी गरेका छन् ।

शुक्रबार विद्यालयमा कक्षा ८,९ र १० का विद्यार्थीलाई विदा दिई कुनै पनि जानकारी नगरिकन स्कुलका प्रधानाध्यापक सरोज कुमार यादव लगायत भविक्षण यादव ,अजय यादव , अनिल यादव र चन्देश्वर शिक्षक भारतको सोनपुर मेला घुम्न गएको त्यहि विद्यालयका शिक्षिका ललिता यादवले जानकारी दिईन् । विधालयमा विद्यार्थी आउने गर्छन् तर शिक्षकहरु घुम्नमा व्यस्त भएपछी पठन पाठन नभएको सोनमा -८ निवासी रामप्रताप यादवले जानकारी दिए । उनले भने , “यो स्कुलमा सबैभन्दा बढी लापरवाही हुन्छ। प्र.अ. सरोज कुमारलाई जे मन लाग्छ त्यहि नै गर्छ।“ त्यस्तै स्कुल बन्द गरेर मेला जानु उचित कुरा नरहेको अर्को एक स्थानिय मुक्तिनारायण यादवको भनाइ छ। विद्यालयमा राजनीतिक मात्र हुने गरेको र त्यसले गर्दा विद्यालयको शैक्षिक स्तर खस्केको उनले बताए । शुक्रबार अचानक बालविकास कक्षाका बालबालिकालाई मर्निंगमा बोलाएपछी अभिवावकहरु आक्रोशित भएर विद्यालय पुगेका थिए । विद्यालय पुगेपछि शिक्षकहरु सोनपुर मेला घुम्न गएको थाहा भएपछी विद्यालयको कार्यालयमा तालाबन्दि गरे। साथै उनीहरुले शिक्षा शाखालाई ध्यानाकर्षण पत्र समेत बुझाए। जब सम्म सरोज कुमार यादवको सरुवा हुदैन तबसम्म ताला नखुल्ने उनीहरुको दावी छ। यस सम्बन्धमा सोनमा गाउँपालिकाको शिक्षा शाखाका सह -संयोजक धर्मेन्द्र यादवले यस्तो गतिवधि गर्ने शिक्षकलाई कडा भन्दा कडा कारवाही गर्ने जानकारी दिए।

## उखु किसानहरू मूल्य वृद्धिको अडानमा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १५ मंसिर




महोत्तरीको रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु क्रसिङका लागि कारखाना सञ्चालनको तयारी गरिरहेका बेला किसानहरू मूल्य वृद्धिको अडानमा रहेका छन् ।

एभरेस्टले आउँदो मङ्सिर २५ देखि उखु क्रसिङ गर्न प्राविधिक एवं प्रशासनिक तयारी गरेको जनाएको छ। मूल्य वृद्धिको अडानमा रहेका कृषकले भने निर्धारित समयमा मिल सञ्चालन हुनेमा आशङ्का गरेका छन् । उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले मिलका तर्फबाट क्रसिङको औपचारिक जानकारी गराइए पनि कृषकले भने उखु दिने नदिने विषयमा निर्णय गरिनसकेको बताउनुभयो । यस वर्षदेखि उखु किसानलाई छिटोछरितो भुक्तानीको व्यवस्था मिलाएको दाबी एभरेस्ट मिलले गरेको छ । “किसानको सहुलियतका लागि उखु तौल गराएको चार दिनभित्रै सम्बद्ध कृषकको खातामा भुक्तानीको व्यवस्था मिलाएका छौं,” एभरेस्ट मिलका महाप्रबन्धक सुरेन्द्र शुक्लाले भन्नुभयो । उखु उत्पादक महासङ्घले भने गत वर्षको मूल्यप्रति विमति जनाउँदै

*बांकी पृष्ठ २ मा ।*









## -: युवती र योबन :-

गुर्सिनी को रुपै राम्रो , भोटिनी को गाला अरे !!
छेत्रीनी को बातै मिठो, बाहुनी को चाला अरे !!

***

नेवारनी त अल्ली सोजी , थरुनी को बातै बेग्लाई ,,
बिहे गर्न अती शुभ मंसिरको पाला अरे !!
गुर्सिनी को रुपै राम्रो , भोटिनी को गाला अरे !!

***

राइ , लिम्बु चट्पटे छन यो मन फस्यो त्यो बोलिमा ,,
१६ १७ बैश मिठो योवन को छाला अरे !!
क्षेत्रीनीको बातै मिठो, बाहुनी को चाला अरे !!

***

चौबन्दी र फरिया मा सजियका मोरीहरु,,
साली हुन्छन मिठा तर नमिठा त साला अरे !!
बिहे गर्न अती शुभ मंसिरको पाला अरे !!

***

हिउझै सेता मन पर्यो क्या पहाडका नानी हरु ,,
मन छ सफा रुप्मा थोरै मधेसीका काला अरे !!
साली हुन्छन मिठा तर नमिठा त साला अरे

### प्रदेशको आठ वटै...............

यसै वर्ष आवश्यक मेट्रेस (ओछ्याउने सामग्री) को व्यवस्था मिलाउँछ, मुख्यमन्त्री यादवले भन्नुभयो-प्रहरी चौकीहरुमा सवारीसाधनको लागि १५ करोड रुपैयाँ उपलब्ध गराउन लागेको छु। यसले प्रदेशको सुरक्षाव्यवस्था सुदृढ पार्न सहयोग पुग्नुका साथै सुरक्षा निकाय उच्च मनोवलका साथ अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। प्रहरी समायोजन नहुँदा समस्या भएको जिकिर गर्नुहुँदै मुख्यमन्त्री यादवले प्रदेश मातहत प्रहरी आएपछि सबै सुविधा उपलब्ध गराउने बताउनुभयो। प्रहरी प्रदेश सरकार मातहत आएमा राजश्व घट्ने होइन्, डेढ गुणाले बढ्ने दावी उहाँले गर्नुभयो। प्रहरी प्रदेश मातहतमा जाँदा राजश्व घट्ने संघीय सरकारको शंका छ। सो अवसरमा गृह, संचार तथा कानून मन्त्री मोहम्मद समीमले मधेशमा प्रहरीको बिस्तारा (ओछ्यान) लिएर हिड्ने प्रचलनको अन्त्य गर्ने बताउनुभयो। प्रहरीको सरुवा हुँदा आफ्नो विस्तारा लिएर जानुपर्ने बाध्यात्मक अवस्था रहेको छ, उहाँले भन्नुभयो-यो बाध्यतालाई छिट्टै अन्त्य गरिन्छ।

### एड्स संक्रमितमाथिको............

विभिन्नखालका प्रताडना दिनुको साथै विभेद गरिने गरिएकाले कुनै पनि व्यक्तिमा एड्स कसरी सर्छ भन्ने विषयमा समाजमा ज्ञान फैलाउन आवश्यक रहेको उहाँको भनाइ छ। विगतमा सरकारले एक हजारको दरले एड्सपीडित बालबालिकालाई उपलब्ध गराउँदै आएको रकम यस वर्ष पनि उपलब्ध हुने जानकारी गराउनुभयो।

### उखु किसानहरू मूल्य............

प्रतिक्विन्टल उखुको मूल्य ७५० रुपियाँ कायम गर्नुपर्ने माग दोहोऱ्याउँदै आएको छ। मूल्य वृद्धि नभएसम्म कृषक उखु नदिने अडानमा छन्। यता मिल सञ्चालनको प्रारम्भिक चरणमा मङ्गलबार कारखाना परिसरमा धार्मिक विधिपूर्वक डोङ्ग पूजा गरिएको छ। डोङ्ग पूजामा सहभागी उखु कृषकलाई यस वर्ष एक सय दिनसम्म मिल सञ्चालनको लक्ष्य रहेको जनाइएको छ। चिनी मिलका महाप्रबन्धक सुरेन्द्र शुक्लाले यस वर्ष न्यूनतम ३० लाख क्विन्टल उखु क्रसिङ गरी दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्यका साथ मिल सञ्चालनको तयारी गरिएको जनाउनुभयो।

# राष्ट्रिय निकुञ्जभित्र रहेको हलखोरिया दह सरसफाइ नहुँदा घाँसेमैदानमा परिणत



**जलेश्वरटुडे समाचारदाता**
**बारा, १५ मंसिर**

बाघको मुख्य बासस्थान पर्सा राष्ट्रिय निकुञ्जभित्र रहेको हलखोरिया दह सरसफाइ नहुँदा घाँसेमैदानमा परिणत हुँदैछ।

निकुञ्जभित्रको प्राकृतिक पानीको एक मात्रै ठुलो स्रोत हलखोरिया दह लामो समयदेखि सरसफाइ नगर्दा पानी सुक्दै गएको छ भने पिउने पानीको अभावमा वन्यजन्तुहरू भौँतारिरहेका छन्। पर्सा निकुञ्ज दुर्लभ पाटेबाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाई जस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीहरूको वासस्थान हो। यो मधेस प्रदेशको एक मात्रै निकुञ्ज हो। निकुञ्जभित्र वन्यजन्तुहरूका लागि पिउने पानीको ठुलो समस्या छ। कतिपय ठाउँमा बर्सेनि लाखौँ रुपैयाँ खर्चेर कृत्रिम पोखरी निमार्ण भए पनि प्राकृतिक पोखरीहरू भने संरक्षणको अभावमा घाँसेमैदानमा परिणत हुँदै छन्। हलखोरिया दह पूर्व-पश्चिम राजमार्गको पूर्वतर्फ २० हेक्टरभन्दा धेरै भूभागमा फैलिएको छ।

यसअघि तत्कालीन प्रमुख संरक्षण अधिकृत मनोजकुमार साहको कार्यकालमा २०७७ फागुनमा सो दहको सफाइ भएको थियो। पछिल्लो समय मिचारा प्रजातिका झारहरू फैलिएर झट्ट हेर्दा सो दह घाँसेमैदान जस्तो देखिएको छ। बाह्रै महिना पानीसहितको दलदले जमिन भएको उक्त दह क्षेत्रमा मुख्य गरी चराचुरुङ्गी, गौरीगाई, पाटेबाघ र बाघको आहारा प्रजातिका वन्यजन्तुहरूको मुख्य बासस्थान तथा क्रीडास्थलको भएको निकुञ्जले जनाएको छ।

सो क्षेत्र पर्यटकीय केन्द्र पनि हो। पर्सा राष्ट्रिय निकुञ्ज आउने पर्यटकहरू हलखोरिया दहमा पुगेर मचानमा बसेर वन्यजन्तुहरूको अवलोकन गर्ने गर्छन्। पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले हलखोरिया दहको सरसफाइ गर्न कम्तीमा एक करोड बजेट आवश्यक पर्ने बताउँछन्। उनले बजेट अभावका कारण दह सरसफाइ गर्न नसकिएको गुनासो गरे। 'दह सफा नहुँदा वन्यजन्तुलाई पानी पिउन समस्या भएको छ, यसको सरसफाइका लागि एक करोड बजेटले पनि पुग्दैन, अहिले हामीसँग पैसा छैन,' प्रमुख संरक्षण अधिकृत खतिवडाले भने, 'माथिल्लो निकायलाई जानकारी गराएका छौँ।' निकुञ्जका प्रमुख संरक्षण अधिकृत खतिवडाले दह सरसफाइका लागि प्रत्येक वर्ष बजेट विनियोजन गर्नुपर्ने बताएका छन्।





महोत्तरी गाउँपालिकाको कार्यालय, महोत्तरी


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: अनावश्यक चिन्ता
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: पिछडेको साथी मिल्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: लामो यात्राको योग छ
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा




## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इजरायल र हमासबिच फेरि युद्ध सुरु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ मंसिर



गाजा क्षेत्रमा फेरि हमास र इजरायलबिच युद्ध सुरु भएको छ। हमासको आन्तरिक र राष्ट्रिय सुरक्षा मन्त्रालयका अनुसार दक्षिणी गाजा क्षेत्रमा हवाइ हमला भएको छ।

उत्तरी गाजा क्षेत्रमा पनि विस्फोटका आवाज सुनिएको बीबीसीले जनाएको छ। गाजा सहरको उत्तर-पश्चिममा पनि गोलीको आवाज सुनिएको बताइएको छ। बिहीबार हमास र इजरायलबिच युद्धविराम सम्झौताको सातौं दिन थियो। त्यसपछि युद्धविराम सम्झौता अघि बढाइएको छैन। अमेरिका, कतार र इजिप्टले युद्धविराम लम्ब्याउन पहल गरे पनि सफल हुन सकेन। युद्धविरामको अवधि समाप्त हुनु केही अघिमात्र इजरायलले गाजा क्षेत्रबाट प्रहार गरिएको एउटा रकेट आफ्नो सुरक्षा निकायले विफल तुल्याएको दाबी गरेको थियो।

# यो हप्ता नेप्सेमा सामान्य गिरावट, सवा ७ अर्बको कारोबार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ मंसिर




यो हप्ता निकै उतारचढाका बीच सेयर बजार परिसूचक नेप्सेमा सामान्य गिरावट आएको छ। साताको पाँचै दिन कारोबार भएको यसहप्ता जम्मा १.६७ अंकले मात्र नेप्से घट्दै १८ सय ५८.५३ अंकमा रोकिएको हो। अघिल्लो हप्ताको अन्तिम कारोबार दिन अर्थात् मंसिर ७ गते ८ अंकले नेप्से सूचक बढ्दै १८ सय ६०.२० अंक कायम भएको थियो। यसहप्ता कारोबारको पहिलो दिन मंसिर १० गते ४७ अंकमाथिले नेप्से सूचक बढेको थियो भने बाँकी ४ दिन क्रमशः ११.२३, २.१७, १७.९३ र १८.०६ अंकले नेप्से सूचक घट्न पुग्यो। तथापि, अघिल्लो हप्ताको तुलनामा यो हप्ता सेयर कारोबार रकममा भने बढको छ। ८ अंकले सूचक बढेको अघिल्लो हप्ता जम्मा ४ अर्ब २८ करोड १५ लाख रुपैयाँको सेयर कारोबार भएको थियो। तर, यो हप्ता सूचक घट्दा समेत ७ अर्ब १५ करोड ९ लाख २९ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ। मार्केट क्यापिटलाइजेशन २ अर्ब ५७ करोडले घट्योः यता सेयर बजार पुँजीकरण (मार्केट क्यापिटलाइजेसन) भने यस साता २ अर्ब ५७ करोड माथिले घट्न पुगेको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार अघिल्लो साताको भन्दा यो साता मार्केट क्यापिटलाइजेसन २ अर्ब ५७ करोड ३० लाख १७ हजार रुपैयाँले घट्दै २८ खर्ब ६५ अर्ब ५४ करोड ७० लाख रुपैयाँ कायम भएको छ।

# रणवीरको 'एनिमल' हेरेपछि आलियाको प्रतिक्रिया : 'फिल्म खतरनाक छ'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ मंसिर



बलिउड अभिनेता रणवीर कपुरको फिल्म 'एनिमल' शुक्रवारबाट संसारभर रिलिज भएको छ। फिल्मले राम्रो व्यवसाय गर्ने अपेक्षा गरिएको छ। रिलिज अगाडि बिहीबार फिल्मको एक विशेष शो समेत आयोजना भएको थियो।

जसमा बलिउडका स्टारहरूको सहभागिता थियो। अभिनेत्री आलिया भट्ट पनि पति रणवीरको सपोटका लागि फिल्मको विशेष शोमा पुगेकी थिइन्। उनी आफ्नी आमा सोनी राजदानका साथ प्रिमियरमा सहभागी थिइन्। फिल्म हेरेपछि उनले मिडियासँग फिल्म खतरनाक भएका प्रतिक्रिया दिएकी छन्। प्रिमियरमा रणवीर फिल्मको भूमिकाकै टिसटमा सहभागी थिए। जहाँ अभिनेत्री रश्मिका मन्दाना भने ब्राउन लेदर ड्रेसमा सहभागी थिइन्। फिल्ममा रणवीर र रश्मिकाको अलवा बबी देओल र अनिल कपुरको पनि अभिनय छ। बबी देओल पनि फिल्म हेर्न सपरिवार सहभागी थिए। फिल्ममा बबीले भिलेनको भूमिका निर्वाह गरेका छन्। फिल्म हेर्न बबीको पत्नी तानान्य, छोरा आर्यमान र भतिज करण समेत सहभागी थिए। शोमा अनिल कपुर पनि सहभागी थिए। सन्दीप रेड्डी भांगा निर्देशित 'एनिमल'को कथावस्तु बाबु र छोराबिचको 'प्रेम र घृणा' ले भरिएको छ।

# आर्मीलाई हराउँदै मधेश प्रदेशले जित्यो केपी ओली कप क्रिकेटको उपाधि



जलेश्वरटुडे समाचारदाता
पोखरा, १५ मंसिर

केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ। फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गर्दै केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको हो।

मधेशले दिएको १ सय ३६ रनको लक्ष्य पछ्याएको आर्मीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय २४ मात्र बनाउन सक्यो। सोमपाल कामी १६ र विवेक यादव अविजित २५ रन बनाए पनि आर्मीलाई जित दिलाउन सकेनन्। आर्मीका कप्तान विनोद भण्डारीले ३२, सन्तोष कार्कीले १६, रोहित पौडेलले ५, राजेश बुढामगरले ३, बसिर अहमदले २, भीम सार्कीले २२ रन बनाएर आउट भए। बलिङतर्फ मधेसका कप्तान हरिशंकर शाहले सर्वाधिक ४ विकेट लिए। ४ ओभर बलिङ गरेका शाहले १९ रन खर्चेर ४ विकेट लिएका हुन्। प्रदीप पासवान २ र प्रतीक यादव १ विकेट लिए। यसअघि पोखरा रंगशालास्थित क्रीकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३५ रन बनाएको थियो। मधेसका विशाल पटेलले ४९, कप्तान हरिशंकर शाहले २७, अनिल शाह ६, इम्रान शेखले ८, पवन सराफले ९, हिमान्सु दत्तले १४, विशाल सुस्लिङले १०, प्रदीप पासवानले ४, मायन यादवले ३ रन बनाएका थिए। बलिङतर्फ आर्मीका साहब आलम र विवेक यादवले सर्वाधिक ३-३, सोमपाल कामी र बसिर अहमदले १-१ विकेट लिए।

उपाधि जितेको मधेसले नगद ५ लाख हात पार्‍यो। फाइनलमा मधेससंग पराजित भएको आर्मीले २ लाख ५० हजारमामा चित्त बुझायो।



एकडारा गाउँपालिकाको कार्यालय, महोत्तरी

## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर, मेहँदी, डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने, जलेश्वर, महोत्तरी



# डगमगाउँदो स्वास्थ्य क्षेत्र

- विकसित मुलुकहरूमा राजनीतिले स्वास्थ्य र शिक्षालाई नकारात्मक असर पार्न सक्दैन तर विकासोन्मुख देशहरूमा भने यी दुई क्षेत्रमा समेत राजनीतिको प्रभाव निकै देखिन्छ। जब स्वास्थ्य र शिक्षाजस्ता संवेदनशील क्षेत्रमा राजनीति हाबी हुन्छ, तब अवस्था झन् जटिल बन्दै जान्छ। स्वास्थ्य र शिक्षामा कुनै पनि अवस्थामा नकारात्मक असर हुनुहुन्न। **डगमगाउँदो स्वास्थ्य क्षेत्र** स्वास्थ्य र शिक्षा क्षेत्र सदैव प्रभावकारी रूपमा अगाडि बढिरहनुपर्छ। नेपालमा राजनीति र बिचौलियाको चपेटामा परेर स्वास्थ्य र शिक्षा प्रणाली डगमगाउँदो छ। खासगरी स्वास्थ्य प्रणाली यति धराशायी बन्दै छ, भोलिका दिनमा नीतिगत भ्रष्टाचार, अदूरदर्शी रोडम्याप, सरकारी अस्पतालहरूको लाचारी अनि चिकित्सक र स्वास्थ्यकर्मीको अभावमा बिरामीहरू सामान्य उपचारका लागि पनि सहर र राजधानी धाउन बाध्य हुनुपर्नेछ। बिरामीले उचित उपचारका लागि लाखौं खर्च गर्नुपर्नेछ भने कतिले त आर्थिक अभावका कारण ज्यानसम्म गुमाउन बाध्य हुनुपर्नेछ। हाम्रो देशमा स्वास्थ्य क्षेत्रको वास्तविकता दर्साउने केही प्रसंग हेरौं। प्रसंग १ : जाजरकोटमा पछिल्लो पटक आएको विनाशकारी भूकम्पमा घाइते भएकाहरूलाई उपचारका लागि नजिकको जिल्ला अस्पताल लगियो। तर, जाजरकोट अस्पतालको अवस्था भयावह थियो।

त्यहाँ दरबन्दी अनुसारका चिकित्सक थिएनन्, न्यूनतम सेवाहरूसमेत उपलब्ध थिएनन्, विनाशकारी अवस्थाका लागि पूर्वतयारी गरिएको थिएन। यसका कारण बिरामीले समयमा उपचार नपाउँदा र बिरामीलाई अन्तै रेफर गर्दा उपचारमा भएको विलम्बका कारण धेरैले अनायासै ज्यान गुमाउनुपर्‍यो भने कतिले धेरैबेर पीडा सहनुपर्ने अवस्था आयो। अस्पतालमा रहेका पाँच जनाजति चिकित्सकले सक्दो प्रयास त गरे तर सबै थोक उनीहरूका हातमा पनि थिएन। प्रसंग २ : जिल्ला अस्पताल सुनसरी, इनरुवामा दिनहुँ औसत ३७५ बिरामी आउने गर्छन। बिरामीको अत्यधिक चाप रहेको यस अस्पतालमा समेत दरबन्दीअनुसारका चिकित्सक छैनन्। सामाजिक रूपमा असुरक्षित महसुस भएर काम गर्ने वातावरणको अभावका कारण समेत चिकित्सक बस्न नरुचाउनु एक विडम्बना हो र सरोकारवाला सरकारी निकायहरूको लाचारीको नमुना हो। यस अस्पतालमा, कुनै कुनै चिकित्सकले एक दिनमा १०५ बिरामी हेर्नुपर्ने बाध्यता छ। एक चिकित्सकले गुणस्तरीय स्वास्थ्य सेवा दिन आफ्नो ६ घण्टाको कार्यअवधिमा बढीमा २०-३० बिरामी हेर्न सक्छ। तर, सुनसरीमा बिरामीको चाप र चिकित्सकको अनुपात हेर्दा त्यो सम्भव नै छैन। थकित भए पनि बाध्यतावश ओपीडीमा आएका सम्पूर्ण बिरामी हेर्नुपर्छ। अनि बिरामीले पाउनुपर्ने



गुणस्तरीय उपचारमा स्वाभाविक रूपमा प्रभाव पर्छ। यस्तो अवस्था सबै सरकारी अस्पताल, शिक्षण अस्पताल र प्रतिष्ठानहरूमा देख्न सकिन्छ। प्रसंग ३ : डडेलधुरा अस्पतालमा चिकित्सक पदपूर्तिका लागि विज्ञापन गर्दा कसैले आवेदन भर्न चासो दिएन। काम गर्ने उचित र सुरक्षित वातावरणको अभाव, बिरामीका परिवारबाट गरिने दुर्व्यवहार अनि न्यून पारिश्रमिकका कारण चिकित्सकहरूको प्राथमिकतामा दुर्गमका सरकारी अस्पताल प्रायः पर्दैनन्। बरु चिकित्सकहरू बिदेसिनुमा उचित सम्झिन थालेका छन। यी त केही उदाहरणीय प्रसंग मात्र हुन। यस्ता कैयौं घटना छन् जसले नेपालको स्वास्थ्य क्षेत्र डगमडाइरहेको भान हुन्छ। जबसम्म सुरक्षित वातावरणमा काम गर्ने अवस्था आउँदैन तबसम्म चिकित्सकले आफ्नो दक्षताको उच्चतम सीप र ज्ञानको प्रयोग गर्न चाहँदैन। फलस्वरूप बिरामीहरू नै मारमा पर्न जान्छन। मृत्यु ध्रुवसत्य हो, यसलाई कसैले नकार्न सक्दैन, तर अस्पतालमा हुने हरेक मृत्युलाई चिकित्सकको कमजोरी भन्न मिल्दैन, यसका धेरै आयाम हुन्छन् भनेर बुझ्नुपर्छ। जनशक्ति, उचित संरचना र औजार र औषधिको उपलब्धता, स्वास्थ्य सहकर्मीहरूको प्रभावकारी भूमिका अनि अस्पताल प्रशासनको भूमिकाले समेत प्रभाव पारिरहेको हुन्छ।

***सांभारः कान्तिपुर ।***

# नागरिक उन्मुक्ती पार्टीको दुई दिबसिय बिधान सम्मेलन जारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ मंसिर**

नागरिक उन्मुक्ती पार्टीको दुई दिबसिय बिधान सम्मेलन काठमाडौंमा जारी छ।

ना.उ.पा.को राष्टिृय अध्यक्ष तथा भुमि ब्यबस्था,सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठ चौधरीले कार्यक्रमको अध्यक्षता गर्दै पार्टीका नेता तथा कार्यकर्तालाई नागरिक र पार्टी को लागि एकजुट भएर काम गर्न निर्देशन दिनु भयो। सो कार्यक्रममा संरक्षक पुर्वसान्सद



रेशम लाल चौधरीले पौष २५ देखि २७ गतेसम्म टीकापुरमा चल्ने महादिबेशन्को लागि आ-आफ्नो ठाँउबाट तयारी गर्न उपस्थित सबै मन्त्री, सान्सद, नेता तथा कार्यकर्तालाई निर्देशन दिनु भयो। कार्यक्रममा पार्टीको वर्तमान विधान सम्बन्धमा छलफल गरिएको थियो भन्ने महत्त्वपूर्ण निर्णयहरु समेत गरिएको थियो।

# सूर्य ज्योति लाइफ इन्स्योरेन्सले भुक्तानी गर्‍यो घातक रोगबापतको दाबी रकम

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ मंसिर**

SuryaJyoti
जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको गाईघाट शाखाले घातक रोगबापतको दाबी रकम भुक्तानी गरेको छ। इन्स्योरेन्स कम्पनीले उदयपुरको त्रियुगा-१ जोगिदहमा मंसिर २ गते आयोजित एक कार्यक्रममा बीमित बलराम चौधरीलाई करकट्टा गरी बाँकी दाबी रकमबराबरको चेक हस्तान्तरण गरेको छ। चौधरीले २०७८ असोज २२ मा जारी ज्योति सुरक्षित बचत जीवन बीमा योजना लिई अतिरिक्त सुविधाअन्तर्गत घातक रोगविरुद्धको सुरक्षा लिएका थिए। उनलाई अकस्मात मस्तिष्कघात भएको हुँदा घातक रोगबापतको ३ लाख रुपैयाँ हस्तान्तरण गरेको छ। उक्त चेक कम्पनीका शाखा प्रबन्धक कमला खबासले हस्तान्तरण गरेकी हुन।






# महाकवि विद्यापतिको सालिक अज्ञात समूहद्वारा तोडफोड

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १५ मंसिर**

रौतहटको गौर नगरालिका स्थित महाकवि विद्यापतिको सालिक अज्ञात समूहले तोडफोड गरेको छ। महाकवी विद्यापति स्मारकको शालिकको टाउको फुटाएर अज्ञात समूहले त्यही रहेको पोखरीको पानीमा फालेको पाइएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिगएको टोलीले पोखरीको पानीमा विद्यापतिको टाउको भेटाएको छ। यस्ता गैरसमाजिक क्रियाकलाप गर्नेलाई कारबाहीको दायरामा ल्याउन स्थानीयले माग गरेका छन्।

घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। महोत्तरीको




हरदिया घर भएका उदयकान्त झाको व्यक्तिगत लगानीमा २०६४ साल तिर उक्त स्मारकसँगै सालिक निर्माण भएको थियो। **को हुन् कवि विद्यापति ?** मैथिली भाषाका महाकवि विद्यापतिको जन्म वि.सं. १४०७ मा प्राचीन मिथिला र आधुनिक भारतको विहार प्रान्तको दरभंगा जिल्लाको विसफी भन्ने गाउँमा भएको थियो। कार्तिक धवल (शुक्ल) त्रयोदशीमा उनको जन्म भएको थियो। विद्यापति जन्मेको गाउँ विसफीमा प्रत्येक वर्ष विद्यापति स्मृति दिवस मनाइन्छ। कवि कोकिल विद्यापतिलाई भारतको विहार, पश्चिम बंगाल प्रान्तका साथै नेपालले पनि आफ्नो देशको राष्ट्रिय विभूतिको रुपमा सम्मान दिँदै आएको छ।






प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday